सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक ३०० ♦ २०८१ साल साउन १० गते बिहिवार ♦ 26 July 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## बर्दिबासमा १० करोड ६९ लाख ४५ हजार ४७७ को लागतमा 'हाम्रो माया घर' निर्माण हुने

**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, बर्दिवास**



'हाम्रो माया घर' निर्माणार्थ महोत्तरीको बर्दिबासमा आयोजना हुने शिवपुराण महायज्ञको तयारी अघि बढेको छ। अनाथ बालबालिका र सडक मानव व्यवस्थापनका लागि महोत्तरीको बर्दिबास-२ मा निर्माण हुने 'हाम्रो माया घर' को सहयोगार्थ आयोजना हुन लागेको महायज्ञ तयारीबारे बुधबार शिवपुराण आयोजक समितिले पत्रकार भेटघाट कार्यक्रममा जानकारी दिएको हो ।

'हाम्रो माया घर' बर्दिबासमा १० करोड ६९ लाख ४५ हजार ४७७ को लागतमा निर्माण हुन लागेको हाम्रो माया घर बर्दिबास समितिका अध्यक्ष कृष्णप्रसाद गौतमले जानकारी दिनुभयो । यसको निर्माणमा सहयोग गर्ने उद्देश्यले यही साउन २१ देखि २९ सम्म बर्दिबास-१ मा आयोजना हुने शिवपुराण महायज्ञको तयारीबारे पत्रकार भेटघाट कार्यक्रममा महायज्ञ व्यवस्थापन मूल समितिका अध्यक्ष हिरालाल गौतमले यस प्रयोजनका लागि १९ वटा उपसमितिले काम गरीरहेका जानकारी दिनुभयो ।

महायज्ञ तयारी र यसको प्रचार प्रसारका लागि बर्दिबास र छिमेकको मिथिला नगर पालिकाका बस्तीबस्तीमा हालसम्म ५० वटा टोल समिति कृयाशील भइसकेका कार्यक्रममा जानकारी दिइएको छ। 'हाम्रो माया घर' निर्माणका लागि दाताबाट करिब एक करोड ५० लाख मूल्यको जग्गा प्राप्त गरी सोको पक्की घेरा बेराको पर्खाल लगाइ सकिएको हाम्रो माया घर बर्दिबास समितिका अध्यक्ष कृष्णप्रसाद गौतमले स्पष्ट पार्नुभयो । बालबालिका र अपाङ्गता मैत्री तथा भूकम्प प्रतिरोधी अत्याधुनिक हाम्रो माया घरका दुई वटा भवन बन्ने विस्तृत परियोजना प्रस्ताव छ। खानेपानी धारा, बिजुली र शौचालय सुविधासहितका दुई भवनमध्ये एउटा दुई तले र अर्को चार तलेमा गरी १२ कोठा हुनेछन् । जसमा सभा भवन, कृडाकक्ष र अध्ययनकक्ष छन् । जम्मा २०० सडक मानव र अनाथ बालबालिकाको बसोबास,

*बाँकी पृष्ठ २ मा*

## सौर्यको जहाज दुर्घटनामा १८ जनाको मृत्यु, एकजना घाइते



**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, बर्दिवास**

नेपाल नागरिक उड्ययन प्राधिकरणले बुधबार बिहान त्रिभुवन विमानस्थलमा भएको सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा १८ जनाको मृत्यु भएको जनाएको छ ।

प्राधिकरणको खोज तथा उद्धार समन्वय केन्द्रले बुधबार दिउँसो एक विज्ञप्ति जारी गर्दै सौर्य एयरलाईन्सको सीआरजे सेभेन (आईजी ९एनएएमई) जहाज दुर्घटनामा परेको जनाएको छ। उक्त जहाज काठमाडौंबाट स्थानीय समयअनुसार बिहान ११:११ बजे पोखरा उडानका क्रममा रनवे छाड्नेबित्तिकै दाहिनेतिर मोडिन गई एयर पोर्टको पूर्वतिरको स्थानमा दुर्घटनाग्रस्त हुन पुगेको प्राधिकरणले जनाएको छ ।

सरकारले जहाज दुर्घटनाबारे छानबिन गर्न समिति गठन गरेको छ।बुधवार बसेको मन्त्रि-परिषद् बैठकले छानबिन समिति गठन गर्ने निर्णय गरेको हो।

रतिश चन्द्रलाल सुमनको संयोजकत्वमा गठित समितिमा ५ सदस्य रहेका छन्। सदस्यहरू नेपाल वायुसेवा निगमका क्याप्टेन दिपुराज ज्वारचन, पुल्चोक क्याम्पसका प्राध्यापक डा. सुदीप भट्टराई, श्री एयर लाइन्सका कर्मचारी सञ्जय अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका कन्ट्रोल अफिसर मुकेश डंगोल रहेका छन्।

समितिले ४५ दिनमा प्रतिवेदन बुझाउन पर्नेछ।

यस्तै, सरकारले भोलि राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय समेत गरेको छ।






# बर्दिबासमा १० करोड ६९ लाख.......

खानपान, स्वास्थ्योपचार र सम्भव भएसम्म शिक्षाको प्रबन्धसमेत गरिने समितिले जनाएको छ ।

शिवपुराण महायज्ञमा दैनिक सात हजार स्रोता सहभागी हुने व्यवस्थापन समितिको अनुमान छ। महायज्ञ र भवन निर्माणका लागि विभिन्न दाताबाट सहयोग प्राप्त हुने क्रम चलेको हुँदा अब चाँडै भवन बन्न सुरु हुने महायज्ञ व्यवस्थापन समितिका सचिब तथा प्रवक्ता चेतकुमार थापाले बताउनुभयो ।

‘हाम्रो माया घर’निर्माणका लागि सहयोगका प्रतिबद्धता प्राप्त भइ रहेको अध्यक्ष कृष्णप्रसाद गौतमको भनाइ छ। “दिनदिनै दाताहरुले सहयोगको प्रतिबद्धता व्यक्त गरीरहनु भएको छ, हामी उत्साहित छौं” अध्यक्ष गौतम भन्नुहुन्छ, “महोत्तरी र छिमेकी जिल्लाका स्थानीयतह र मधेश प्रदेश सरकारबाट पनि सहयोगको आश्वासन पाएका छौं । स्थानीयतहहरु र मधेश प्रदेश सरकारको सहयोगको कुरा अहिले निणर्यको चरणमा रहेका कार्यक्रममा जानकारी दिइएको छ। अहिले महायज्ञसँग जोडेर दाताहरुबाट प्राप्त सहयोगले काम थालिने तयारी रहेको सचिब थापाले स्पष्ट पार्नुभयो ।

आफ्नो ठाउँमा ‘हाम्रो माया घर’ बन्ने कुराले बर्दिबास क्षेत्रमा उत्साह बढ्दो छ। अहिले ‘हाम्रो माया घर’ निर्माणार्थ सहयोगका लागि आयोजना गरिन लागिएको महायज्ञबाट अहिलेसम्म प्राप्त प्रतिबद्धताअनुसार करिब दुई करोड सहयोग प्राप्त हुने महायज्ञ व्यवस्थापन समितिले जनाएको छ। महायज्ञ आयोजना गर्न २५ लाख खर्च हुने सचिब थापाले बताउनुभयो ।

साउन शिवभक्तिको महिमा गाइने महिना मानिदै आइएको छ। अहिले यसै महिनाको छनौट गरी आयोजना हुन लागेको शिवपुराण महायज्ञ सफल हुने आयोजक बताउँछन् ।

प्रसिद्ध पुराण वाचिका राधिका दासी मुख्य संरक्षक रहनु भएको हाम्रो माया घर निर्माण सम्पन्न हुन पाँच वर्ष लाग्ने समितिले जनाएको छ । ‘हाम्रो माया घर’ निर्माणार्थ सहयोग गर्न आयोजना गरिने शिव पुराणमा पाठ पारायण र कथा वाचन प्रसिद्ध पुराण वाचिका राधिका दासी नेतृत्वको १५ सदस्यीय पण्डित टोलीले गर्ने शिवपुराण महायज्ञ व्यवस्थापन समितिले आज स्पष्ट पारेको छ । आफ्नै भवन तयार भएर सञ्चालन हुन अघि पनि अनाथ बालबालिका र सडक मानवको अभिभावकत्व भने समितिले लिइरहने र त्यस समयसम्मका लागि इटहरीस्थित माया घरमा व्यवस्थापन गरिने हाम्रो माया घर बर्दिबास समितिका अध्यक्ष कृष्णप्रसाद गौतमले स्पष्ट पार्नुभयो ।

# महोत्तरीमा एक वर्षमा ५०४ सवारी दुर्घटना, ६८ जनाको मृत्यु हुँदा २१९ गम्भीर घाइते

**खबर दर्पण समाचारदाता**
**साउन ९ गते, बर्दिवास**

महोत्तरीमा गत आर्थिक वर्षमा सवारी दुर्घटनामा परी ६८ जनाको ज्यान गएको छ भने २१९ जना गम्भीर घाइते भएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीले गत आर्थिक वर्षको तथ्यांक सार्वजनिक गर्दै कुल ५०४ सवारी दुर्घटनामा परेका जनाएको छ।

अन्य सवारीभन्दा मोटरसाइकल बढी दुर्घटनामा परेका छन्। अनियन्त्रित र ओभर स्पिडमा सवारी चलाउने, मापसे गरी सवारी चलाउने र कतिपय सडकको अवस्थाको कारणले समेत दुर्घटनाहरू भएका ट्राफिक प्रहरी निरीक्षक रामभक्त



भट्टराईले बताए।

ट्राफिक प्रहरी निरीक्षक भट्टराईले सवारी दुर्घटनाका विविध कारण रहेको भन्दै सवारी दुर्घटना कम गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको बताए। सवारी दुर्घटना न्यूनीकरण गर्न गत आर्थिक वर्षमा एक हजार ४८६ कार्यक्रम गरी ९० हजार भन्दा बढी यात्रु र सवारी चालकलाई सवारी दुर्घटना र ट्राफिक नियमसम्बन्धी सचेतना गराएको उनको भनाइ छ।

उनका अनुसार ट्राफिक नियम उल्लंघन गर्ने ४० हजार ५५ सवारीलाई कारबाही गरी तीन करोड ४६ लाख २५ हजार ३५० राजस्व समेत संकलन गरिएको छ।


पदम शम्शेर खड्का स्मृति प्रतिष्ठान
PADAM SHAMSHER KHADKA MEMORIAL TRUST
Bardibas Municipality-1, Mahottari, Nepal

छात्रवृत्ति फारम भर्ने सम्बन्धि सुचना !

“स्वास्थ्य, शिक्षा र समृद्धि हामी सबैको चाहना” भन्ने मुल नाराका साथ यस होटल बिनायक प्रा.लि. वर्दिवासद्वारा स्थापित “पदम शम्शेर खड्का स्मृति प्रतिष्ठान” ले बर्दिबास नगर पालिका भित्रका गरिब तथा जेहेन्दार बिधार्थीहरुका लागि तपसिलका बिधालयहरुमा नि:शुल्क रुपमा तपसिलका संख्यामा छात्रवृत्ति प्रदान गरिने भएकोले यहि मिति: २०८१ श्रावण १३ गते भित्र सम्बन्धित बिधालय वा होटल बिनायकको कार्यालयमा गई आवेदन फारम भर्न आव्हान गरिन्छ ।

| क्र.स. | विषय | संख्या | बिधालय |
|---|---|---|---|
| १ | डिप्लोमा सिभिल ईन्जिनियरिङ, विज्ञान कम्प्युटर साईन्स | १/१ जना | श्री जनहित नन्दलाल मा.वि. चौलिखा |
| २ | होटल म्यानेजमेण्ट - ३ जना, रेडियो ग्राफि - १ जना, फार्मेसी - १ जना, फुड एण्ड डेरी - १ जना | जम्मा ६ जना | निर्मल लामा नमुना बहुप्राबिधिक शिक्षालय, खयरमारा |
| ३ | बालि विज्ञान, पशु विज्ञान | १/१ जना | श्री जनता मा.वि.गौरीडाडा |
| ४ | प्रि-डिप्लोमा इन कम्प्युटर ईन्जिनियरिङ्ग | १ जना | श्री रा.मा.वि. पशुपतिनगर बनरझुल्ला |
| ५ | फरेष्ट्रि नापि सर्वे | १/१ जना | श्री देउराली मा.वि.वर्दिवास |
| ६ | डिप्लोमा इन कम्प्युटर साईन्स | २ जना | श्री जनता मा.वि डाडाटोल विजलपुरा |

पुनश्चः छात्रवृत्ति प्राप्तिको लागि सम्बन्धित विद्यालयको प्रवेश परीक्षा अनिवार्य रुपले तथा प्रतिष्ठानको छनौट परीक्षा उत्तिर्ण गरेको हुनु पर्नेछ ।

विस्तृत जानकारीका लागि :
अध्यक्ष : विष्णु बहादुर खड्का
पदम शम्शेर खड्का स्मृति प्रतिष्ठान बर्दिबास-१, महोत्तरी
फोन नं. : ०४४-५५०६९४/९८५४०२०१०५/९८४४०४५७४२/९८०१९६०७९५
Email : psamser222@gmail.com









# जनकपुरधामस्थित जानकी आँखा अस्पताल ४३ वर्षदेखि दर्ताबिनै सञ्चालन

**सुरेश कुमार यादव**

**साउन ९ गते जनकपुरधाम**

नेपाल रेडक्रस सोसाइटीको अधिनमा रहेको जनकपुर धामस्थित जानकी आँखा अस्पताल दर्ता बिनै ४३ वर्षदेखि सञ्चालन भइरहेको छ ।

कुनै अस्पतालको सञ्चालक व्यक्ति वा संस्था हुनसक्छ । अस्पताल चलाउन चाहेमा व्यक्ति वा संस्थाले सम्बन्धित निकायबाट अनुमति (दर्ता) लिएर मात्रै सञ्चालन गर्न सकिने बाध्यकारी व्यवस्था कानुनमा छ । तर, यति ठूलो अस्पताल यति लामो अवधिसम्म दर्ता बिनै सञ्चालन हुँदा न अस्पताल सञ्चालक समितिलाई बोध भयो न त नियमनकारी निकायले अंकुश लगायो ।

अस्पताल सञ्चालक समितिका कोषाध्यक्ष धिरेन्द्र मोहन झा भन्छन्, 'अस्पताल दर्ताको प्रक्रिया पुरा गर्ने काम अध्यक्ष र सदस्य सचिवको हो । उहाँहरुलाई ताकेदा गर्दा त्यसै चलिरहेकै छ भने दर्ताकै लागि किन हतार गर्नुपर्यो ? भन्दै मैसँग प्रतिप्रश्न गर्थे ।'

सुरु भएदेखि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा आजसम्म अस्पतालसँग सम्बन्ध राखेका डा. विजय कुमार सिंहले आफु सञ्चालक समिति अध्यक्ष रहेको बेला दर्ताको लागि पहल गरेको बताएका छन् । तर, तत्कालिन समयमा दर्ताको मापदण्डवारे सरकारको नीति प्रष्ट नरहेको हुँदा त्यसबेला दर्ता हुन नसकेको उनको भनाई छ ।

'करिब १२ वर्ष अघि म अध्यक्ष रहेको बेला अस्पताल दर्ताका लागि तत्कालिन नेपाल सरकार समक्ष आवश्यक कागजात तयार गरी पेश गरेको थिएँ' डा. सिंहले न्यूज आजसँग भने, 'त्यसबेला संस्थागत अस्पताल दर्ताको प्रक्रियावारे सरकारको नीति नै प्रष्ट थिएन । त्यसैले दर्ताको लागि दिइएको फायल त्यसै थन्केर बस्यो ।'

नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय अध्यक्ष प्राध्यापक सुदर्शन प्रसाद नेपालले पनि आजको मितिसम्म जानकी आँखा अस्पताल दर्ता हुन नसकेको स्वीकारे । सम्बन्धित नेतृत्वको कमजोरीको कारण अस्पताल दर्ता हुन नसकेको बताउँदै उनले अब यसका लागि प्रक्रिया अघि बढाउने तयारी भएको जानकारी दिए ।




'२०३८ सालदेखि सञ्चालनमा रहेको यो अस्पतालको उमेर ४३ वर्ष पुगिसक्यो' नेपालले भने, 'यस अघि के के कारणले हुन सकेन । अब दर्ता गराएरै नियमसंगत ढंगले अस्पताल सञ्चालन गर्नुपर्छ । यसका लागि स्थानीय, प्रदेश र संघीय सरकार मध्ये कुन सरकार अन्तर्गतको निकायमा जाने र के प्रक्रिया पुरा गर्ने भन्ने विषयमा अहिलेको विवाद समाधानपछि जानुपर्छ ।'

कानुनले २५ वेडसम्मको अस्पताल स्थानीय तहमा दर्ता गराएर सञ्चालन गर्न सकिने प्रावधान राखेको छ ।

२६ देखि ५० वेडसम्मको अस्पताल सञ्चालन गर्नु परे प्रदेश स्वास्थ्य निर्देशनालयमा दर्ता गराउनुपर्ने र ५० वेडभन्दा बढी क्षमताको अस्पताल सञ्चालनका लागि संघीय सरकार अन्तर्गतको स्वास्थ्य सेवा विभागमा दर्ता गर्नुपर्ने कानुनी व्यवस्था छ ।













# पर्यटन पत्रकारिता पुरस्कारको घोषणा

**विशाल बस्नेत**

**साउन ९ गते, बर्दिवास**


पर्यटन प्रबर्द्धनका क्षेत्रमा कृयाशील पत्रकारलाई प्रोत्साहन गर्न महोत्तरीमा पर्यटन पत्रकारिता पुरस्कारको घोषणा भएको छ। होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले बुधवार सो पुरस्कारको घोषणा गरेको हो ।

पर्यटन क्षेत्रका समस्या , सम्भावना र प्रबर्द्धनका क्षेत्रका विषय उठाएर निरन्तर समाचार लेखनमा रहेका तीन जनालाई प्रत्येक वर्ष यो पुरस्कार प्रदान गरिने होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले जनाएको छ। यो पुरस्कार प्रत्येक वर्षको पर्यटन दिवसको अवसर मा सेप्टेम्बर २७ तारिखका दिन प्रदान गरिने संघका महोत्तरी अध्यक्ष गुञ्जबहादुर कार्कीले जानकारी दिनुभयो ।

तीन जनालाई जनही १५-१५ हजार नगद र कदरपत्र सहित पुरस्कार दिइने संघले जनाएको छ ।

पर्यटन क्षेत्रका गतिविधिमा सघन कलम चलाउने पत्रकारहरुलाई प्रोत्साहन गर्ने उदेश्यले पर्यटन पत्रकारिता पुरस्कार घोषणा गरिनु महत्वपूर्ण कार्य भएको नेपाल पत्रकार महासंघ महोत्तरीका कार्यवाहक अध्यक्ष हेमकुमारी बराल (सुनिता) को प्रतिकृया छ। यसले पत्रकार लाई हौसला र कामप्रति अझ बढी सकृय बनाउने बरालको विश्वास छ ।

संघको महोत्तरी समितिले घोषणा गरेपनि पुरस्कार मधेश प्रदेशका कुनै पनि जिल्लामा कार्यरत पत्रकारलाई दिन सकिने जनाइएको छ। पुरस्कारका लागि छनौट प्रकृया पर्यटन दिवसको एक महिना पहिले सुरु गरेर नामहरु १५ दिन पहिले घोषणा गरीसकिने संघले जनाएको छ। पुरस्कार छनौटका लागि कार्यविधि बनाइ सकिएको छ।



मोफसलमा बसेर पत्रकारिता गर्नेका लागि मधेशमा यो राम्रो र स्वागतयोग्य कार्य भएको बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु खड्काको धारणा छ। अन्य जिल्लामा पनि यसको अनुशरण हुनसके पर्यटन क्षेत्रको पत्रकारिता झनझन सशक्त हुने यस क्षेत्रका बुद्धिजीवीले औंल्याएका छन् ।

# धनुषामा मोटरसाइकलको ठक्करबाट एक युवकको मृत्यु

**खबर दर्पण समाचारदाता**

**साउन ९ गते, बर्दिवास**

धनुषामा तिव्रगतिको मोटर साइकलले ठक्कर दिँदा एक युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा साईकल चालक शहिदनगर नगरपालिका ४ ननुपट्टीका अब्दुल राईनका १८ वर्षीय छोरा अख्तर राईन छन् ।

सोमबार साँझ धनुषाको महिनाथपुर बीरेन्द्रबजार सडकखण्डको शहिदनगर नगर पालिका ३ यदुकूहास्थित यदुकूहाबाट हठिपुरतर्फ गइ रहेका साईकल यात्री अख्तर लाई तीव्र गतिमा रहेको मधेश प्रदेश ०२-००६ प ८५७५ नम्बर को मोटरसाईकलले पछाडिबाट ठक्कर दिएको थियो । ठक्कर बाट गम्भीर घाइते अख्तरको उपचारको लागि जनकपुर ल्याउँदै गर्दाबाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकल चालक शहिदनगर नगरपालिका ३ यदुकूहाका १९ वर्षीय असरफ आलम गम्भीर घाइते भएका छन् । मृतक अख्तरको शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको र घटना विषयमा थप अनुसन्धान गरि रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।













खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा